# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक २८ | काठमाडौं | आइतबार, ७ जेठ २०८० | Prabhab National Daily | Sunday, May 21, 2023 | www.prabhabonline.com | पृष्ठ ४ | मूल्य रू. ५।–



## नागरिकका कर्तव्य

- राष्ट्रपति निष्ठानवान हुँदै नेपालको राष्ट्रियता,
- सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,
- संविधान र कानुनको पालना गर्नु,
- सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु

*"हामी सबैले उल्लेखित नागरिक कर्तव्यको पालना गरौं ।"*

नेपाल सरकार
विज्ञापन बोर्ड


# 'मुख्यमन्त्रीमा दाबी स्वाभाविक छ'



अन्तर्वार्ता

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलले सामना गर्नुपर्ने परेको ठूलो चुनौती भनेकै मन्त्रिपरिषद् विस्तार हो । तर, शुक्रबार प्रधानमन्त्रीसहित गठबन्धनका शीर्ष नेताहरूले बालुवाटारमा बागमतीका कांग्रेस संसदीय दलका नेता बहादुरसिंह लामासहितलाई राखेर छलफल गरेपछि भने आज मन्त्रिपरिषद् विस्तार हुने सम्भावना छ । प्रदेशको आर्थिक मामिला तथा योजनामन्त्री रहेका उनै लामासँग सरकार विस्तारमा भएको ढिलाइको कारणदेखि प्रदेश सरकारको नेतृत्व हेरफेरसँगै ल्याउन लागिएको नीति तथा कार्यक्रममा केन्द्रित रहेर प्रभावकर्मी **जेबी योञ्जन**ले गरेको कुराकानीः

**बहादुरसिंह लामा**
**आर्थिक मामिला तथा योजनामन्त्री**
**बागमती प्रदेश सरकार**

**बागमती सरकार विस्तारमा ढिला हुनुमा तपाईंको मुख्यमन्त्री बन्ने चाहनाले काम गरेको हो ?**

बागमती प्रदेशमा ठूलो दलको हिसाबले नेपाली कांग्रेसले मुख्यमन्त्रीमा दाबीचाहिँ गरेको हो । नेपाली कांग्रेसका ३७ जना सांसद छन् । माओवादीको २१ जना र एकीकृत समाजवादीको सात जना सांसद छन् । यस आधारमा ठूलो दलको नाताले मुख्यमन्त्री भएर प्रदेशको नेतृत्व गर्न चाहनु स्वाभाविकै हो ।

तर, हरेक प्रदेश सरकार संघले मिलाउने भन्ने भयो । सातै प्रदेशमा मिलाउने भनेपछि त बागमतीमा पनि सरकार विस्तारमा केही समय लाग्यो । फेरि, संघ सरकार बनाउन पनि ढिला भयो । अर्कातिर गठबन्धन सरकार भनेकै गाह्रो हो । एकल सरकार भए पो सहज हुन्छ ।

**तपाई बागमतीको कांग्रेस संसदीय दलको नेता हुनुहुन्छ । सभापति शेरबहादुर देउवालाई पनि भेट्दै हुनुहुन्छ । मुख्यमन्त्री बनाई पाउँ भनेर आग्रह गर्नलाई हो ?**

मुख्यमन्त्री त माओवादी केन्द्रबाट भइसक्नुभएको छ । अब मुख्यमन्त्रीबारे भन्दा पनि सरकार विस्तारबारे छलफल हुन्छ ।

**तपाई त संघदेखि प्रदेशमा झर्नुको पछि मुख्यमन्त्री बन्न भन्ने थियो । आर्थिक मामिला तथा योजनामन्त्रीमा सीमित हुनुभयो होइन ?**

राजनीतिमा भनेजस्तो र चाहेजस्तो हुँदैन । नभएको कुरा पनि हुन्छ । जसरी गणितमा दुई गुणा चार हुन्छ । राजनीतिमा दुई गुणा छ पनि हुन्छ । त्यसले गर्दा आर्थिक मामिलामन्त्रीमा सीमितभन्दा पनि अहिले आर्थिक मामिलासम्बन्धी र प्रदेशको योजनासम्बन्धी अभ्यस्त हुन चाहेको हुँ । र, आर्थिक मामिलामन्त्री भइसकेपछि मुख्यमन्त्री भएको अथवा देशको अर्थमन्त्री भएपछि प्रधानमन्त्री भएको इतिहास छ ।

(बाँकी पृष्ठ २ मा)

## नीति तथा कार्यक्रमप्रति एमाले असन्तुष्ट

# पारित हुन नदिने अडान

■ **जेबी योञ्जन**

**काठमाडौं–** प्रमुख विपक्षी दल नेकपा एमालेले सरकारको आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रमले मुलुकको आवश्यकता सम्बोधन गर्न नसक्ने आरोप लगाएको छ । उसले उक्त नीति तथा कार्यक्रमको विपक्षमा उभिने बताएको छ ।

'नीतिगत रूपमा देशलाई दिशानिर्देश नगरेको' कार्यक्रम भन्दै टिप्पणी गरेको एमालेले दुवै संसद्बाट नीति कार्यक्रमलाई पारित हुन नदिने जनाएको हो । शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेलले नीति तथा कार्यक्रम संसद्मा प्रस्तुत गरेका थिए । आजदेखि भने नीति तथा कार्यक्रममाथि संसद्मा छलफल हुँदै छ ।

तर, छलफल हुनुअघि नै प्रमुख विपक्षी दल एमालेले नीति कार्यक्रमलाई पारित हुन नदिने चेतावनी दिएको हो । 'अर्थतन्त्रको संकट समाधान गर्ने पक्षबाट कार्यक्रम आएन,' एमाले संसदीय दलका सचेतक महेश बर्तौलाले प्रभावसँग भने, 'देश अर्को पाँच वर्षपछि धकेलिनेगरी नीति तथा कार्यक्रम आयो । जसले गर्दा संसद्बाट पारित गर्नुको औचित्य पुष्टि गर्न सकिँदैन ।'

उनले नीति तथा कार्यक्रममाथि संशोधन प्रस्ताव पनि दर्ता गराएका छन् । अन्य दलका सांसदहरूको पनि शनिबार दिउँसो २ बजेसम्ममा संसद् सचिवालय सिंहदरबारमा संशोधन प्रस्ताव दर्ता गराएका छन् । संशोधन प्रस्तावबारे छलफल भई निर्णय भएपछि मात्रै सभामुख देवराज घिमिरेले बैठकमा नीति तथा कार्यक्रमलाई निर्णयार्थ पेस गर्ने







- नीति तथा कार्यक्रमले देशलाई दिशानिर्देश नगर्ने
- संसद्बाट पारित हुन नदिने शूरमा एमाले
- रास्वपा, राप्रपा र नेमकिपा पनि नीति कार्यक्रमप्रति असन्तुष्ट

अर्थतन्त्रको संकट समाधान गर्ने पक्षबाट कार्यक्रम आएन । देश अर्को पाँच वर्षपछि धकेलिनेगरी नीति तथा कार्यक्रम आयो । जसले गर्दा संसद्बाट पारित गर्नुको औचित्य पुष्टि गर्न सकिँदैन ।

■ **महेश बर्तौला**
**एमाले संसदीय दलका सचेतक**

नियमावलीमा व्यवस्था छ ।

त्यसअघि भने सरकारले आज बिहान ११ बजेदेखि नीति तथा कार्यक्रममाथि प्रतिनिधिसभा नियमावली २०७९ को नियम ३८ उपनियम (१) अनुसार दलीय प्रतिनिधित्वको आधारमा छलफल गर्न लागेको हो । छलफल यही ११ गतेसम्म हुनेछ । छलफलमा दलीय प्रतिनिधित्वका आधारमा भाग लिनका लागि सांसदहरूले अग्रिम सूचना दिइसकेका छन् ।

छलफलको क्रममा उठेका प्रश्नको जवाफ छलफल सकिएपछि प्रधानमन्त्री पुष्पकमल दाहालले दिने छन् । दाहालको अनुपस्थितिमा उनले तोकेका मन्त्रीले जवाफ दिने प्रतिनिधिसभा नियमावलीमा छ ।

त्यसपछि भने भए सर्वसम्मत नभए बहुमतले नीति तथा कार्यक्रम पारित हुनेछ । यदि, एमालेसहित अन्य दलहरूका बहुमत सांसद विपक्षमा उभिएमा नीति तथा कार्यक्रम पारित हुने छैन । त्यस्तो अवस्थामा भने दाहाल नेतृत्वको गठबन्धन सरकार संकटमा पर्नेछ ।

तर, प्रधानमन्त्री दाहाल नेतृत्वको दल नेकपा माओवादी केन्द्रका सांसद माधव सापकोटाले नीति तथा कार्यक्रम पारित हुन समस्या नभएको बताए । उनका अनुसार एमाले विपक्षमा उभिए पनि बहुमतले नीति कार्यक्रम पारित हुन्छ ।

'सर्वसम्मतिले पारित हुनु धेरै राम्रो कुरा हो । त्यसो भएन भने प्रतिनिधिसभा नियमावलीअनुसारको प्रक्रिया अघि बढ्छ,' सांसद सापकोटा भन्छन्, 'त्यो भनेको मत विभाजन हो । त्यसअनुसार सत्तापक्षको बहुमत पुग्छ र पारित हुन्छ ।'

प्रतिनिधिसभाको मौजुदा सांसदको बहुमतले नीति तथा कार्यक्रम पारित हुन्छ । एमालेका सांसदहरू टोपबहादुर रायमाझी र लक्ष्मी महतो कोइरी तथा कांग्रेस सांसद टेकबहादुर गुरुङ निलम्बित छन् । उनीहरू संसदीय गतिविधिमा सहभागी हुन पाउँदैनन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद डा. ढाकाकुमार श्रेष्ठले संसदीय गतिविधिमा सक्रिय हुन पाउँछन् कि पाउँदैनन् ? टुंगो लागेको छैन । सर्वोच्च अदालतको अल्पकालीन अन्तरिम आदेशले उनको सांसद पद जोगिएको छ । तर, यदि उनी संसदीय गतिविधिमा सहभागी हुन नपाए संसद्मा २७१ जना सांसद हुने र त्यस्तो अवस्थामा नीति तथा कार्यक्रम पारित गर्न १३६ जना सांसद बहुमतका लागि आवश्यक हुन्छ ।

यसबीचमा राजनीतिक उथलपुथल नभएको अवस्थामा सत्ता गठबन्धनसँग नीति तथा कार्यक्रम पारित गर्न स्पष्ट बहुमत पुग्छ ।

सोही आधारमा माओवादी सांसद सापकोटाले

(बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

# विभाग र व्यवसायीको सम्बन्ध नङ–मासु जस्तो हुनुपर्छ : महानिर्देशक दाहाल

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगार विभागका नवनियुक्त महानिर्देशक मदन दाहालले वैदेशिक रोजगार व्यवसायी र विभागबीच नङ-मासुको जस्तो सम्बन्ध हुनुपर्ने बताएका छन् । दाहालले विभागको महानिर्देशकको जिम्मेवारी सम्हालेलगत्तै शुक्रबार बधाई तथा शुभकामना दिन पुगेका वैदेशिक रोजगार व्यवसायी संघको प्रतिनिधिमण्डललाई सम्बोधन गर्दै उनले उक्त कुरा बताएका हुन् ।

महानिर्देशक दाहालले वैदेशिक रोजगारको क्षेत्रमा आफू नयाँ नभएको भन्दै व्यवसाय र व्यवसायीका विषयमा जानकार रहेको बताए । उनले आफू निजामती सेवामा प्रवेश गर्नुअघि (३० वर्ष पहिला) राजधानीमा एक म्यानपावर कम्पनीमा काम गर्दा कामदारको पासपोर्ट बोकेर साउदी अरबको भिसा लगाउन बंगलादेश जाँदाको अनुभवसमेत खुलाए । उनले त्यसबेलादेखि अहिलेसम्म व्यवसाय र व्यवसायीलाई हेर्ने छवि राम्रो नभएको बताए । 'यसलाई मर्यादित र सम्मानित बनाउन व्यवसायी र विभागको उत्तिकै दायित्व छ,' उनले भने, 'आममान्छेले हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन र सुधारको एजेण्डासहित विभागको नेतृत्व लिएर आएको छु ।' यद्यपि, विभागमा सरुवा भएर आउँदा केही साथी तथा शुभचिन्तकहरूले वैदेशिक रोजगारको क्षेत्रमाथि नकारात्मक टिप्पणी गरेको उनले सुनाए । 'म तपाईंहरूको समस्यासँग परिचित छु,' महानिर्देशक दाहालले भने, 'यहाँ आउनुभन्दा अघि तीन महिनादेखि श्रम मन्त्रालयमा रहेर तपाईंहरूको क्षेत्रमा काम गरिरहेको छु ।'





उनले मन्त्रालयमा काम गर्दा नै व्यवसायीले उठाएका सेवा शुल्क परिमार्जनको विषयमा जानकार रहेको बताउँदै यसलाई छिटो समाधान गर्नुपर्ने बताए । 'व्यवसायीले १० हजार सेवा शुल्क लिन पाउने कानुनी प्रावधानका कारण खुलेर आफ्नो कमाई देखाउन पाएका छैनन्,' उनले भने । सेवा शुल्क परिमार्जनको विषयमा मन्त्रालयमा छलफल भइरहेको भन्दै उनले अब व्यवसायीले मुलुकअनुसार सेवा शुल्कका सम्बन्धमा ब्रेकडाउन गरेर कामदारको भिसा शुल्क, मेडिकल खर्च, हवाई भाडा, विदेशीलाई दिने कमिसनलागायतको लागत शुल्क प्रस्ट पार्नुपर्ने बताए । व्यवसायी पारदर्शी भए राज्यले संरक्षण गर्न सक्ने भन्दै उनले औपचारिक माध्यमबाट काम गर्न व्यवसायीलाई आग्रह गरे । व्यवसायीहरूले अहिलेसम्म बैंकिङ च्यानलमार्फत भिसा कमिसन पठाउन पाउनुपर्छ भनेर अवाज नउठाएको महानिर्देशक दाहालको भनाइ छ । उनले विदेशीलाई कमिसन पठाउँदा हुण्डीमार्फत नभई बैंकिङ च्यानलबाट पठाउन पाउनुपर्ने माग गर्न पनि व्यवसायीलाई सुझाव दिए ।

वैदेशिक रोजगार ऐनमा यसअघि नै एजेन्टको व्यवस्था खारेज गरिएको विषयमा अनभिज्ञ रहेका उनले गाउँगाउँमा एजेन्टले बदमासी गरेको भन्दै त्यसको जिम्मेवारी व्यवसायीले लिनुपर्ने बताए । अझ एजेन्टले पाउने कमिसनमा पनि टिडिएस लागू गरी सरकारलाई राजस्व बुझाउनुपर्ने बताए । महानिर्देशकको उक्त भनाइमा व्यवसायीले मुखामुख गरे पनि कुनै प्रतिक्रिया जनाएनन् । यतिमात्र नभई महानिर्देशक दाहालले व्यवसायीको कार्यालयमा अनुगमनका लागि भनेर जाने रहर नभएको बताए । उनले भने, 'मलाई तपाईंहरूको कार्यालयमा अनुगमन भन्दै जाने रहर छैन र कसैलाई पठाउँदिन पनि, तर विभागले व्यवसायीलाई एउटा चेकलिस्ट फाराम पठाउँछ, त्यसमा उल्लेख गरिएअनुसारको विवरण भरेर एक हप्ताभित्र पठाउनुपर्ने हुन्छ, यदि कुनै कैफियत भेटिए कारबाही हुन्छ ।' कुनै पनि व्यवसायीले आफू वैदेशिक रोजगार व्यवसायी हुँ भनेर छाति फुलाएर हिँड्नसक्ने वातावरण बनाउन उनले आफ्नोतर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे ।

यस्तै संघका अध्यक्ष राजेन्द्र भण्डारीले महानिर्देशक दाहाललाई बधाई तथा शुभकामना दिँदै विभाग व्यवसायीहरूको अभिभावक संस्था रहेको भन्दै आवश्यक समन्वय र सहजीकरण हुनेमा विश्वस्त रहेको बताए । उनले सेवा शुल्क, सय कोटालगायतका विषयले समस्या भइरहेको भन्दै समाधानका लागि विभागसँग हातेमालो गर्न तयार रहेको बताए । वैदेशिक रोजगारीलाई सम्मानित, मर्यादित र पारदर्शी बनाउन संघले आवश्यक भूमिका निर्वाह गर्ने बताए । उनले विदेश जाने कामदार समस्यामा परे वा ठगीमा परेको उजुरी परे छिटोभन्दा छिटो पीडितको समस्या समाधान गर्ने उद्देश्यले विभागमै संघको समन्वयमा मेलमिलाप कक्ष सञ्चालनमा रहेको जानकारी दिए । भण्डारीले गल्ती गर्ने व्यवसायीलाई उन्मुक्ति नभई कारबाहीको दायरामा ल्याउन सहयोगी भूमिका निर्वाह गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे ।


## NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

### नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू

ज्वरो (१००.४ °F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

### नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने ?

नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

# सकियो तामाङ पत्रकारको राष्ट्रिय भेला

## १० लाखको अक्षयकोष घोषणा

■ प्रभाव संवाददाता




**काठमाडौं-** तामाङ पत्रकार संघको दुई दिने राष्ट्रिय भेला सम्पन्न भएको छ । शुक्रबारबाट काठमाडौंको नक्सालस्थित होटल क्राउन प्लाजामा भएको भेला शनिबार सम्पन्न भएको हो । भेलाको उद्घाटन बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिंह लामाले गरेका थिए । भेला उद्घाटन गर्दै मन्त्री लामाले प्रदेशप्रति स्थानीय र संघ दुवै सरकारले गरेको व्यवहार ठीक नभएको बताएका थिए । मन्त्री लामाले प्रदेशको बजेटतिर दुवै सरकारले आँखा लगाउने गरेको पाइएको दाबी गरेका हुन् ।

'संघप्रति मान्छेहरूको विश्वास भएन । किन त संघले काम गरेको हो कि प्रदेशले । स्थानीयले के सोच्ने रहेछ भने स्थानीयले प्रदेशसँग धेरै पैसा हुनेरहेछ । यसले हामीलाई असर गर्छ । यो प्रदेश चाहिँदैन भन्ने । माथि संघ पनि त्यो पैसा त हामीले चलाउन पाए त हुने भन्ने,' मन्त्री लामाले भने । यसरी दुई तहको सरकारले पैसामा आँखा लगाएर प्रदेश नै नचाहिने खालको तर्क राखेको आफूले पाएको उनको भनाइ थियो । यस्तो व्यवहारले प्रदेश गएमा संघीय सरकार पनि नरहने र स्थानीयले पनि अधिकार नपाउने लामाले बताए । 'प्रदेशै गएपछि त संघ पनि रहँदैन । प्रदेश गइसकेपछि त संघीयता नै गयो नि । व्यवस्था नरहे कसरी स्थानीयले अधिकार रहन्छ तरु यो कुरा बुझ्नुपर्‍यो,' मन्त्री लामाले भने ।

यद्यपि, तिनै सरकारले एकै खालको काम गर्दा जनता भने झुक्किएको उनको भनाइ रह्यो । 'डुप्लिकेसन धेरै भएको छ । संघले पनि त्यही काम गर्ने प्रदेशले पनि त्यही काम गर्ने स्थानीयले पनि त्यही काम गर्ने । भनौं भने साथीहरू जागिहाल्ने । नभनौं भने गाह्रो पर्ने,' मन्त्री लामाले भने ।

उनले तामाङ समुदायका लागि आफूले सकेको सहयोग गर्ने बताए । भेलामा संघले प्रकाशन गरेको पत्रिका 'कलमजीवी' समेत सार्वजनिक गरियो । भाषा आयोगका सदस्य भाषाविद् अमृत योञ्जन तामाङले 'कलमजीवि'लाई निरन्तर दिन सके इतिहासमा एउटा राम्रो अभिलेख तयार हुने बताए । कार्यक्रममा अन्तरर्ाष्ट्रिय तामाङ परिषद्का वरिष्ठ उपाध्यक्ष टासी लामाले तामाङहरू समाजको हरेक क्षेत्रमा कमजोर रहेकोले त्यसलाई पत्रकारिताको माध्यमबाट झकझक्याउने काम गर्नुपर्नेमा जोड दिए ।

### १० लाखको अक्षयकोष घोषणा

संघले तामाङ पहिचानजनित विषयमा कलम चलाउने तामाङ पत्रकारलाई सम्मान गर्ने गरी 'तामाङ पत्रकार अक्षयकोष' घोषणा गरेको छ । संघका अध्यक्ष सुवास योञ्जनले १० लाख रूपैयाँ बराबरको अक्षयकोष स्थापना गरेको बताए । उनका अनुसार साढे छ लाख रकमसमेत कबोल भइसकेको छ ।

यसअघि अक्षयकोषमा तीन लाख ५० हजार रूपैयाँ कबोल भइसकेको थियो । शुक्रबार थप तीन लाख रकम कबोल भएको हो । कार्यक्रममा तामाङ पत्रकार संघका केन्द्रीय सदस्य मिलन लामाले एक लाख, नेपाल टेलिभिजनका महाप्रबन्धक फूलमान वलले ५० हजार, तामाङ पत्रकार संघका पूर्वअध्यक्ष जगतमान दोङले ५० हजार, तामाङ समाज नर्थ अमेरिकाका सल्लाहकार लोक लामा गोलेले ५० हजार, संघका संस्थापक अध्यक्ष रविन्द्र तामाङले ४३ हजार, संघका निवर्तमान अध्यक्ष विष्णु तामाङले २५ हजार, तामाङ डाजाङका अध्यक्ष फूलकुमार बम्जनले १० हजार १०, मम्स् नेपालकी कार्यकारी निर्देशक रञ्जिता लामाले १० हजार, गाउँपालिका राष्ट्रिय महासंघका सल्लाहकार वंशलाल तामाङ १० हजार रूपैयाँ कोषलाई उपलब्ध गराउने घोषणा गरे ।

संघका संस्थापक अध्यक्ष रविन्द्रले समुदायकोसमेत कर परेकाले सरकारले अक्षयकोषको केही न केही सहयोग गर्नु आवश्यक रहेको बताए । यसअघि संघका सल्लाहकार डिमा पाख्रिनले एक लाख, तामाङ सोसाइटी अफ नर्थ अमेरिकाका पूर्वअध्यक्ष लक्यान लामाले एक लाख र व्यवसायी कुयाङ लामाले एक लाख रूपैयाँ सहयोग गर्ने घोषणा गरिसकेका छन् ।

नेपाल टेलिभिजनका महाप्रबन्धक वलले अक्षयकोषलाई १० लाखबाट ५० लाखको बनाउन सुझाव दिए । यसै कोषबाट संघले हरेक वर्ष ५० हजार रूपैयाँ बराबरको 'पहिचानमुलक तामाङ पत्रकारिता लेखनावृद्धि (फेलोसिप)' प्रदान गर्ने तयारीसमेत गरेको छ । यसैगरी पत्रकारितामार्फत तामाङ भाषा, पहिचानका क्षेत्रमा योगदान पुर्‍याउने दुई जना तामाङ पत्रकारलाई १०-१० हजार रूपैयाँसहित 'तामाङ मिडिया अवार्ड' प्रदान गर्ने घोषणा गरिएको छ । यस्तै, स्वर्गीय पत्रकार दीपेन्द्र दोङको स्मृतिमा प्रत्येक वर्ष एक जनालाई १० हजार रूपैयाँ 'दीपेन्द्र दोङ तामाङ स्मृति पत्रकारिता पुरस्कार' प्रदान गरिने संघले जनाएको छ ।

### स्थानीय तहका मुद्दामा छलफल

भेलामा स्थानीय तहमा तामाङका मुद्दा विषयमा गाउँपालिका राष्ट्रिय महासंघका सल्लाहकार वंशलाल तामाङसँग अन्तरक्रियासमेत भयो । इन्द्रावती गाउँपालिकाका पूर्वअध्यक्षसमेत रहेका तामाङले आफ्नो कार्यकालमा संस्कृति जोगाउन लागिपरेको बताए ।

विकासका क्रममा तामाङ पहिचान भएको बस्ती मासिएको बारेमा तामाङको जवाफ थियो, 'विकासको अर्को स्वरूप विनास बन्नुहुदैन । तर, विकासलाई आत्मसात गर्दै लानुपर्छ ।'

त्यसैगरी तामाङ समुदायको आर्थिक उपार्जनको बाटो अहिले पनि रक्सी भएको उल्लेख गर्दै यसमा राज्यको अंकुश लगाउने अवस्था अझै रहेको बताए । 'तामाङ समुदायको आर्थिक उपार्जन अहिले पनि रक्सी हो । तर, कानुनले त्यो गर्न बर्जित गरेको छ,' तामाङले भने । अन्तरक्रियाको सहजीकरण संघकी केन्द्रीय सदस्य शान्ति तामाङले गरेकी थिइन् ।

शुक्रबार २२ जिल्ला र दुई प्रदेश कार्यसमितले भेलामा रिपोर्टसमेत प्रस्तुत गरेका थियो ।

### प्रशिक्षणात्मक कार्यक्रम

दोस्रो दिन शनिबार प्रशिक्षणात्मक कार्यक्रम भयो । संघका पूर्वअध्यक्ष जगतमान दोङले 'तामाङ पत्रकार संघको सांगठनिक विकासक्रम र वर्तमान नेतृत्वको कार्यभार' विषयमा प्रशिक्षण सञ्चालन गरे । उनले तामाङ संघसंस्थालाई सिर्जनात्मक खबरदारी गर्नेदेखि हरेक संस्थासँग समदुरीको सम्बन्ध कायम राख्नुपर्ने काम संघको नेतृत्वमा हुनुपर्ने धारणा राखे । तामाङ सञ्चार समूह हुँदै स्थापना भएको संघको इतिहासबारे चर्चा गर्दै दोङले सदस्यता बढाउनमा जोड दिए ।

वरिष्ठ पत्रकार कुमार यात्रु तामाङले तामाङ आदिवासी जनजातिका मिडिया सरोकार विषयमा जानकारी दिँदै आइएलओ १६९ गुरुमन्त्र भएको बताए । स्थानीय तहको नामाकरणदेखि कृषि प्रणाली, आदिवासी ज्ञान प्रणाली र प्रथाजनित संस्थाबारे पनि सवालहरू उठाउन सकिने धारणा राखे ।

आदिवासी जनजातिहरू विभिन्न सम्झौतामा फस्ने गरेको उल्लेख गर्दै यात्रुले आदिवासीका मुद्दामा कलम चलाउँदा स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी( एफपिक कानुन)बारे बुझेरमात्र काम गर्नुपर्ने बताए ।

संघका सल्लाहकार अमध्वज लामाले 'तामाङ पत्रकाररको क्षमता अभिवृद्धि र स्रोत पहिचान' विषयक प्रशिक्षण दिए । लामाले तामाङ पत्रकारले स्रोतमा पहुँच बढाउन र व्यवसायिक क्षमता बढाउन जोड दिए । 'स्रोतमा पहुँच बढाउनुपर्‍यो । व्यावसायिक क्षमता बढाउनुपर्‍यो,' लामाले भने, 'त्यसपछि आन्तरिक स्रोत, बाह्य स्रोत, अन्य स्रोतको खोजी गर्न सकिन्छ ।'

## 'तामाङ भाषालाई डिजिटालाइज गर्नुपर्छ'

**काठमाडौं (प्रस)-** बागमती प्रदेशका सञ्चार रजिस्ट्रार रेवतीप्रसाद सापकोटाले तामाङ भाषा संरक्षण गर्न यसलाई डिजिटालाइज गर्नुपर्ने धारणा राखेका छन् । तामाङ पत्रकार संघले राष्ट्रिय भेलाको अवसरमा शनिबार आयोजित 'मातृभाषा पत्रकारिता र प्रेस रजिस्ट्रार कार्यालयको भूमिका' विषयक अन्तरक्रियामा सापकोटाले भने, 'तामाङ भाषालाई डिजिटालाइज गर्नुपर्छ । जसले गर्दा गुरुङले तामाङ भाषालाई तमु भाषामा बुझोस् । अंग्रेजले आफ्नो भाषामा ।'

उनले सञ्चार रजिस्ट्रारको कार्यालयले सञ्चारसम्बन्धी विभिन्न कार्यक्रमहरू गरे पनि तामाङ समुदायको चासो भने कम भेटिएको बताए । 'हामीले पत्रकारिता क्षमता अभिवृद्धिका लागि विभिन्न तालिमहरू गरेका छौं । तामाङहरू पनि छन् । तर, तामाङहरूको चासो र सहभागिता कम छ यहाँको जनसंख्या हेर्दा,' सापकोटाले भने ।

मातृभाषा पत्रकारिताबारे भने केही छलफलमात्र सुरु भएको तर ठोस काम अझै हुन बाँकी रहेको उनको भनाइ थियो । 'मातृभाषा पत्रकारिताबारे केही छलफल भएका छन् । मातृभाषा पत्रकारितामा संलग्नलाई यहाँ टिकाउन नसके जनशक्ति पलायन हुने डर छ,' उनले भने । तामाङ भाषामा पोडकास्टमा कार्यक्रम चलाउन सकिनेसमेत उनको सुझाव रह्यो ।

बूढानीलकण्ठ नगरपालिकाकी उपप्रमुख अनिता लामाले आफ्नो कार्यकालबाट नगरपालिकाभर ल्होछार उत्सवका रूपमा मनाउन थालिएको बताइन् । 'नगरपालिकाले ल्होछार मनाउँदा सार्वजनिक बिदा दिन्छ । यो पनि एउटा राजनीतिक विम्ब हो,' लामाले भनिन् ।

आफ्नो राजनीतिक संघर्ष सुनाउँदै उनले आफूले टिकट पाउँदा घरमा रुवाबासी भएकोसमेत उनले बताइन् । 'पढ्नु र जागिर खानुमात्र थिएन सामाजिक चेतना निर्माणको पनि विषय थियो । संगठनले मेरो क्षमता हेरेर टिकट दियो । अरुको घरमा टिकट पाउँदा हर्षोउल्लास भएको थियो, मेरोमा रुवाबासी,' उपप्रमुख लामाले भनिन्, 'पोलिटिक्स डिस्ट्रोय हुँदै छ । आशा लाग्दा अनुहार यहाँ आउन सक्दैन भनेर ।'

आफूले पाएको टिकट बाआमाले गरेको लगानीको परिणाम भएकोसमेत उनको भनाइ थियो । विकासका क्रममा अहिले तामाङहरूले आफ्नो जमिन गुमाउन थालेको भन्दै लामाले चिन्ता व्यक्त गरिन् । 'बूढानीलकण्ठका तामाङहरू घरघरमा जाँडर क्सी बेच्थे । सुकुटी बेच्थे । अहिले तामाङहरू जहाँको तही छन् । तर, डाँडाका जग्गाहरू छोराछोरीलाई शिक्षा दिन तथा विभिन्न कारण डाँडा गाउँ र तौलुङ अर्कैको बन्यो,' उनले भनिन् ।

तामाङ समुदायको पत्रकारिताका लागि आफू सक्दो सहयोग गर्न तयार रहेको लामाले प्रतिबद्धता जनाइन् ।

## मुख्यमन्त्रीमा दाबी...

पृष्ठ १ बाट जारी

**उसो भए आर्थिक मामिला तथा योजनामन्त्री भएर मुख्यमन्त्रीको कुर्सीतिर फड्को मार्ने चाहना हो ?**

प्रदेशमा के छ ? कस्तो छ ? यो थाहा पाउन पनि हो । सांसद भएपछि मन्त्री भएर सरकारमा नबस्दा मन्त्रालयमा कर्मचारीहरूसँग समन्वय कसरी गर्ने ? थाहा पाइन्छ । जनसम्पर्क बढ्छ । जनताको पक्षमा काम गर्न पाइन्छ । म मन्त्री भएपछि प्रदेशको सरकारी कामकाजी भाषा तामाङ र नेपाल भाषा बनाउने नीति संसद्बाट पास भइसकेको छ । अब भाषा ऐन बन्छ । अनि त सरकारी कामकाजी नेपालीसँगै तामाङ र नेपाल भाषा हुनेछ ।

**बागमतीमा सरकारको नेतृत्व हेरफेरबारे वर्तमान मुख्यमन्त्री शालिकराम जमकट्टेलसँग के सहमति भइसकेको छ तपाईंको ?**

मुख्यमन्त्री हेरफेरको विषयमा सहमति पहिल्यै भएको छ । हेरफेर हुन्छ । नहुने भन्ने कुरा होइन । गोप्यरूपमा राखेका छौं । अहिले नै खुलाइरहनुपर्ने भइसकेको छैन ।

**पाँच वर्षे कार्यकालको आधाचाहिँ माओवादीले र आधा कांग्रेसबाट तपाई मुख्यमन्त्री बन्ने भन्ने छ ?**

त्यसबारे अहिले नखोलौं ।

**अर्को विषय, बागमती सरकारको नीति तथा कार्यक्रम कहिले सार्वजनिक हुन्छ ?**

बागमती प्रदेशको नीति तथा कार्यक्रमका लागि सबै पार्टीसँग छलफल भएको छ । सरोकारवालाहरूसँग छलफल भइसकेको छ । प्रतिक्रियाहरू लिएका छौं । एक दुई दिनभित्र टुंगोमा पुग्छौं र नीति तथा कर्याक्रम छाप्छौं । यही ९ गतेदेखि संसद् चल्छ । त्यही दिन बजेटको प्राथमिकता र सिद्धान्त प्रस्तुत हुन्छ । १३ गतेतिर नीति तथा कार्यक्रम सार्वजनिक हुन्छ ।

**प्रदेशको समृद्धि र विकासमा लागि प्राथमिकता पर्ने के–के हुन् ?**

प्राथमिकतामा पर्ने त कृषि नै हो । कृषिमा उत्पादनमुखी नीति लिन्छौं । उत्पादित कृषि उपजलाई बजारसम्म कसरी पुर्‍याउने ? यसबारे नीति बनाउँछौं । कृषिकै लागि सिँचाइमा जोड दिन्छौं । खानेपानी, स्वास्थ्य, शिक्षाजस्ता क्षेत्र पनि प्राथमिकतामा पर्छन् । शिक्षामा सामुदायिक विद्यालयहरूको गुणस्तरीयता अभिवृद्धि कसरी गर्ने ? विकासको क्षेत्रमा प्रादेशिक सडक निर्माण र रोजगारी सिर्जनाबारे नीति लिन्छौं । कार्यक्रम बनाउँछौं । उद्योगधन्दा कसरी सञ्चालन गर्ने ? उद्योगी व्यवसायीलाई कसरी प्रोत्साहन गर्ने ? युवा जनशक्तिलाई विदेश पलायन रोक्ने कसरी ? यी विषय पनि प्राथमिकतामा पर्छन् ।

**नीति तथा कार्यक्रममा रोजगारी सिर्जनासँग सम्बन्धित योजना समेटिन्छ ?**

समेटिन्छ । हाम्रो अर्थतन्त्र नै रेमिटचान्समा आधारित छ । विदेशमा कमाएर ल्याएको पैसाले देशको अर्थतन्त्र चलिरहेको छ । अब चाहिँ विदेशमा पनि सीप सिकेका दक्ष जनशक्ति पठाउन चाहेका छौं । जस्तो: विदेशमा अदक्ष श्रमिक पठाउँदा ३० हजार, ४० हजार कमाउँछन् भने दक्ष जनशक्ति उत्पादन गरेर पठाउँदा एक लाख कमाउन सक्छ । त्यसका लागि सीप भएको जनशक्ति विकास गर्न तालिम दिन्छौं । व्यावसायिक शिक्षामा जोड दिनेछौं ।


# तु-आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1.Public Relation Officer (PRO) 10
2.Documentation Officer 2
3.Receptionist 2
4. Admin office 2
5. office secretary ( international corresponding) 1
6. operations and recruitment manager 1

**योग्यता:** Receptionist को लागि +2 pass, Documentation को लागि Photoshop सम्बन्धी ज्ञान भएको, सम्बन्धित क्षेत्रमा २ देखि ३ वर्ष अनुभवी तथा PRO को लागि सम्बन्धित क्षेत्रमा अनुभवी भएको Admin office (Bachelor Degree passed), office secretary( international corresponding) Bachelor degree passed , operations and recruitment manager Bachelor degree passed, minimum 5 years experience in related job.

**तलब: आपसी समझदारीमा**

ASIA LINK Services Pvt. Ltd. श्रम ईजाजत नं ११९/०७५/०७६

**ASIA LINK SERVICES PVT. LTD.**

Basundhara Kathmandu,Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com



**गोसाईकुण्ड गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**स्याफ्रुवेशी, रसुवा**
**बागमती प्रदेश नेपाल**

**सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना**

**प्रकाशित मिति: २०८०/०२/०७**

यस गाउँपालिकाको लागि तपशिल बमोजिमको आपुर्ति कार्य सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त आपुर्ति कर्ताहरुवाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउ आव्हान गरिन्छ ।

१. सिलबन्दी दरभाउ पत्र सम्बन्धी कागजातहरुमा आ.व. २०७९/०८० सम्म मान्य भएको फर्म, संस्था, वा कम्पनी दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजत र मू.अ. करमा दर्ता भएको प्रमाणपत्र तथा आ.व. २०७८/०७९ सम्मको कर चुक्ता प्रमाणपत्र वा म्याद थपको पत्रका प्रमाणित प्रतिलिपिहरु संलग्न राखी इच्छुक दरभाउपत्र दाताहरुले लिखित निवेदन दिई तपशिलमा उल्लेखित रकम यस कार्यालयको धुञ्चे स्थित नेपाल बैंक लिमिटेड, धुञ्चे शाखामा रहेको ग१.१ गोसाईकुण्ड गा.पा. आन्तरिक राजश्व खाता: १११०३०००००१००१०००००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा नगदी रसिद सहित यस कार्यालयबाट मिति २०८०/०२/२१ गते कार्यालय समयभित्र खरिद गर्न सकिने छ ।

२. खरिद भएको दरभाउपत्र फारामहरुमा उल्लेख भएका भर्नु पर्ने सवै विवरणहरु प्रष्टसँग लेखि मिति २०८०/०२/२२ गते १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु नियामानुसार यसै कार्यालयमा मिति २०८०/०२/२२ गते १:०० बजे खोलिनेछ ।

३. सिलबन्दी दरभाउपत्र फाराम साथ तलशिल बमोजिम उल्लेखित जमानत धरौटी वापतको रकम यस कार्यालयको धुञ्चे स्थित नेपाल बैंक लिमिटेड, धुञ्चे शाखामा रहेको ग३.० गोसाईकुण्ड गा.पा. घरौटी खाता: १११०३०००००३००००००००१ खातामा नगद जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको तपशिल बमोजिम म्याद भएको सिलबन्दी दरभाउपत्र जमानत पत्र (विडबण्ड) को सक्कल प्रति पेश गर्नु पर्नेछ ।

४. सिलबन्दी दरभाउपत्र खरिद गर्ने/दर्ता गर्ने/खोल्ने अन्तिम दिन सार्वजनिक विदाको दिन परेमा सो को भोलिपल्ट वा विदा पछि कार्यालय खुलेको दिन हुनेछ ।

५. यसमा उल्लेखित शर्तहरु यसै बमोजिम र उल्लेखित नभएका शर्तहरु प्रचलित कानून बमोजिम हुनेछ । साथै दरभाउपत्र स्वीकृत/अस्वीकृत गर्ने अधिकार कार्यालयमा निहित रहनेछ ।

६. उल्लेखित आपूर्ति सम्बन्धी अन्य विषयको बारेमा जानकारी लिन चाहेमा कार्यालय समयभित्र ९८४१-५५९२७०/९८४९-०९३२९५ मा सम्पर्क गर्न वा gosaikundapalika1@gmail.com मा इमेल गर्न सकिनेछ ।

७. कामको विवरण, दरभाउपत्र दस्तुर, विडवण्ड रकम, मान्य अवधिको विवरण तपशिल बमोजिम छ ।

**तपशिल**

| सि.नं. | सिलबन्दी दरभाउपत्र नं. | आपुर्ति कार्यको विवरण | दरभाउ पत्र दस्तुर | बिडबण्ड रकम | बिडबण्ड रकमको मान्य अवधि |
|---|---|---|---|---|---|
| १ | १५/२०७९/०८० | मसलन्द तथा कार्यालय सामाग्री | १,०००/- | ५२,०००/- | ७५ दिन |
| २ | १६/२०७९/०८० | औषधि तथा औषधिजन्य मालसामान खरिद | १,०००/- | ९०,०००/- | ७५ दिन |


## पारित हुन...

पृष्ठ १ बाट जारी

एमाले विपक्षमा उभिए पनि नीति कार्यक्रम पारित हुने बताएका हुन् ।

तर, उनले ११ गतेसम्ममा एमाले सकारात्मक हुने ठानेका छन् । 'अहिले त एमालेको प्रारम्भिक धारणा हो । कार्यक्रममाथि छलफलपछि एमाले सकारात्मक हुन सक्छ,' उनले भने ।

देश आर्थिक संकटबाट गुज्रिएको बेला त्यसलाई समाधान गर्नेगरिको योजना नीति कार्यक्रममा नभएको पनि एमालेले प्रतिक्रिया दिएको छ । राष्ट्रपति पौडेललाई सरकारले झूटो विवरण उल्लिखित नीति कार्यक्रम सार्वजनिक गर्न लगाएको आरोप लगाएको छ ।

अर्को विपक्षी दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सरकारको नीति तथा कार्यक्रमले नेपाली जनतामा कुनै आशा नजगाउने ठहर गरेको छ । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले पनि सरकारको नीति कार्यक्रम देशको विकास र समृद्धिको मार्गचित्र नभएको जनाएको छ । नेपाल मजदुर किसान पार्टी (नेमकिपा)ले पुरानै कार्यक्रमको फोटोकपी भनेको छ । यसले गर्दा एमालेजसरी यी दलहरू पनि नीति कार्यक्रमको विपक्षमा उभिन सक्ने देखिएको हो ।

यद्यपि, कार्यक्रम पारित हुने सम्भावना बढी छ । पारित भएको अवस्थामा सरकारले यही १५ जेठमा नीति तथा कार्यक्रमकै आधारमा संसद्मा बजेट प्रस्तुत गर्नेछ ।



**मृग संरक्षण क्षेत्र** | मध्य चीनको हुबेई प्रान्तको शिशो मिलु मृग राष्ट्रिय प्रकृति संरक्षण क्षेत्रमा मिलु हरिण । *तस्बिरः सिन्ह्वा*

# बखमुत पूर्णरूपमा रूसी कब्जामा आएको वाग्नरको दाबी, युक्रेनद्वारा अस्वीकार

**मस्को–** बखमुतमा लडिरहेको रूसको वाग्नर समूहका प्रमुख येभगेनी प्रिगोजिनले शनिबार पूर्वी युक्रेनको बखमुतलाई पूर्णरूपमा कब्जामा लिएको दाबी गरेका छन् । युक्रेनले सहरको अवस्था 'नाजुक' रहेको स्वीकारेको छ, तर त्यहाँ अझै पनि केही जमीनी नियन्त्रण रहेको बताएको छ ।

'बखमुतमा भारी लडाइँ छ । स्थिति गम्भीर छ,' उपरक्षामन्त्री गन्ना मल्यारले टेलिग्राममा लेखेका छन् । उनले युक्रेनी सेनाले सहरको 'आकाश क्षेत्र' मा 'रक्षा शक्ति कब्जा' गरिरहेको दाबी गरे । 'अहिलेसम्म, हाम्रा रक्षकहरूले यस क्षेत्रमा केही औद्योगिक र पूर्वाधार सुविधाहरू नियन्त्रण गर्न सफल छन् ।'

बखमुतका लागि लडाइँको नेतृत्व गरेका वाग्नर समूहले सहरमा महिनौंसम्म चलेको युद्धमा ठूलो क्षति बेहोरेको विश्वास गरिएको छ । 'आज मे २० का दिन मध्याह्नतिर बखमुतलाई पूरै कब्जा गरिएको छ,' प्रिगोजिनले टेलिग्राममा पोस्ट गरेको एक भिडियोमा भनेका छन् ।

वाग्नर लडाकुहरूले मे २५ सम्ममा आधिकारिक रूसी सेनालाई हस्तान्तरण गर्नुअघि कब्जा गरिएको सहरको परीक्षण गर्ने बताएका छन् । प्रिगोजिनले भने, 'मे २५ सम्ममा हामी बखमुतको पूर्णपरीक्षण गर्नेछौं, प्रतिरक्षाका लागि आवश्यक लाइनहरू सिर्जना गर्नेछौं र सेनालाई हस्तान्तरण गर्नेछौं । परीक्षणका लागि हामी आफैं शिविरस्थलहरूमा जानेछौं ।'

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले जापानमा भएको जी-७ शिखर सम्मेलनमा भाग लिइरहँदा वाग्नरले यस्तो घोषणा गरेको हो ।

बखमुत नियन्त्रणमा लिने अभियान २२४ दिनसम्म चलेको प्रिगोजिनले बताए ।

कुनै समय करिब ७० हजार जनसंख्या रहेको नुन खानी केन्द्रलाई यस युद्धले ध्वस्त पारेको छ । आधिकारिक रूसी सेनासँग सार्वजनिक पटाक्षेपमा मुछिएका प्रिगोजिनले भने, 'यदि अक्षम जनरलहरू नभएको भए मस्कोको घाटा निकै कम हुने थियो ।' उनले लामो समयदेखि वाग्नरलाई उचित मात्रामा गोलाबारुद नदिएको गुनासो गर्दै आएका छन् । 'यहाँ (बखमुतमा) वाग्नर मात्र थिए,' उनले भिडियोमा भनेका छन् ।

वाग्नर प्रमुख प्रिगोजिनले भने, 'हामीले यहाँ युक्रेनी सेनासँग मात्र होइन, रूसी कर्मचारीतन्त्रसँग पनि संघर्ष गर्नुपरेको थियो ।' उनले बखमुतमा कति वाग्नर लडाकु मारिएका छन् भन्ने नखुलाए पनि रूसको सैन्य नेतृत्वका कारण पाँच गुणा बढी क्षति भएको बताए ।

उनले रक्षामन्त्री सर्गेई शोइगु र चिफ अफ जनरल स्टाफ भ्यालेरी गेरासिमोभले आक्रमणलाई 'आफ्नै मनोरञ्जन'मा परिणत गरेको आरोप लगाए । प्रिगोजिनले भने, 'इतिहासमा एक दिन उनीहरूले आफ्नो कार्यको मूल्य चुकाउने छन् ।' *रासस⁄एएफपी*

# कोरियाली राष्ट्रपति र भारतीय प्रधानमन्त्री मोदीबीच भेटवार्ता

**हिरोसिमा (जापान)–** दक्षिण कोरियाका राष्ट्रपति युन सुक येल र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीबीच भेटवार्ता भएको छ । दुवै पक्षबीच पारस्परिक सम्बन्ध विस्तारका साथै प्रतिरक्षा र व्यापारिक सम्बन्ध प्रवर्द्धनबारे विचार विमर्श भएको भारतीय विदेश मन्त्रालयका प्रवक्ता अरिन्दम बाग्चीले बताएका छन् ।

कोरियासँगको विशेष राजनीतिक साझेदारी र दुई देशबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५०औं वार्षिकोत्सवका सन्दर्भमा पनि छलफल भएको प्रवक्ता बाग्चीले बताएका छन् । दुवै पक्षले व्यापार, लगानी र प्रविधिका क्षेत्रमा सहकार्य गर्न सहमति जनाएका छन् ।

प्राविधिक उपकरण उत्पादन, प्रतिरक्षा र संस्कृति सम्बन्ध विस्तारबारे पनि नेताद्वयबीच विचार विमर्श भएको जनाइएको छ । कोरियाली राष्ट्रपति र भारतीय प्रधानमन्त्रीले भारतले गरेको जी-ट्वेन्टी तथा कोरियाले गरेको हिन्द-प्रशान्त रणनीतिको अध्यक्षताबारे पनि छलफल गरेका थिए ।

भारतीय प्रधानमन्त्रीको कार्यालयले कोरियाली राष्ट्रपतिसँगको प्रधानमन्त्री मोदीको भेटवार्ता फलदायी रहेको बताएको छ । दुवै मुलुकबीचको सम्बन्ध अत्यन्त सुमधुर रहेको चर्चा गर्दै प्रधानमन्त्रीको कार्यालयले दुई नेताबीचको वार्ता विकासका विषयमा केन्द्रित रहेको जनाएको छ ।

शनिबार नै प्रधानमन्त्री मोदी र जापानका प्रधानमन्त्री फुमियो किसिदाबीच भेटवार्ता भएको छ । त्यस अवसरमा उनीहरूबीच भारत-जापान सम्बन्धका सबै पक्षमा समीक्षा भएको थियो । हाल जी-ट्वेन्टी र जी-सेभेनको अध्यक्षता गरिरहेका सरकार प्रमुखबीचको छलफल विश्वशान्ति र विकासमा केन्द्रित रहेको थियो ।

प्रधानमन्त्री किसिदाको मैत्रीपूर्ण निमन्त्रणामा जी-सेभेनको ४९औं वार्षिक शिखर सम्मेलनमा भाग लिने सिलसिलामा प्रधानमन्त्री मोदी जापानको हिरोसिमामा छन् । *रासस⁄एएनआई*

# आर्थिक संकटमा परेको पाकिस्तान मद्दतका लागि मित्रराष्ट्रको मुख ताक्दै

**इस्लामावाद–** आर्थिक संकटमा परेको पाकिस्तानले अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) बाट छ अर्ब ५० करोड अमेरिकी डलरको पुनरुत्थान सहायता प्याकेज प्राप्तिमा विलम्ब भएपछि मित्रराष्ट्रसँग सहयोगको याचना गर्ने निष्कर्षमा पुगेको छ ।

पाकिस्तानी समाचार संस्था एआरवाई न्युजका अनुसार आइएमएफ र पाकिस्तानबीच कर्मचारीस्तरमा गत फेब्रुअरीदेखि भएका आर्थिक सहायतासम्बन्धी वार्ताको परिणाम प्राप्त हुन विलम्ब भएपछि वित्तीय सहयोगका लागि मित्रराष्ट्रहरूको मुख ताक्न सरकार बाध्य भएको हो ।

आइएमएमसँगको चालु ऋण कार्यक्रम आगामी महिनाको अन्तिममा मात्र समाप्त हुने र नयाँ ऋण प्याकेजका सम्बन्धमा उक्त वित्तीय संस्थाले निर्णय गरिनसकेकाले पाकिस्तान मित्रराष्ट्रसँग वित्तीय सहायता माग्ने बाध्यात्मक परिस्थितिमा पुगेको हो । पाकिस्तानले आइएमएफलाई पुरानो ऋणको केही अंश चुक्ता गर्नुपर्नेछ । कालोसूचीमा पर्नबाट जोगिन आगामी महिनाको अन्त्यसम्ममा छ अर्ब डलरको व्यवस्था गर्न आइएमएफले सरकारलाई भनिसकेको छ ।

आइएमएफका अधिकांश सर्तको पालना गर्न पाकिस्तान सहमत भएको छ । पूर्वप्रधानमन्त्री इमरान खानको कार्यकालमा भएका ऋणका कठोर सम्झौतालाई पनि वर्तमान सरकारले पालना गर्ने प्रतिबद्धता व्यक्त गरेको एआरवाई न्युजमा जनाइएको छ । एआरवाईका अनुसार पाकिस्तानले अहिलेको वित्तीय समस्याबाट पार पाउन चीनसँग मद्दत मागेको छ । बेइजिङले दुई अर्ब ४० करोड डलर ऋण सहयोग प्रदान गर्ने विश्वास पाकिस्तानी अधिकारीले व्यक्त गरेका छन् ।

यसैबीच, पाकिस्तानका अर्थमन्त्री इशाक दारले कर्मचारी तहमा भएका वार्ता एवं सम्झौतामा हस्ताक्षर गर्ने वा नगर्ने निर्णय आइएमएममा निहित रहेको बताएका छन् । सञ्चारकर्मीहरूसँगको कुराकानीमा उनले आइएमएफका अधिकांश सर्त पूरा गरिएका तथा पूर्वसर्तहरू लागू गरिएका स्पष्ट गरेका छन् । *रासस⁄एएनआई*

# भारत र अमेरिका प्रतिरक्षा सहयोग बढाउँदै

**वासिटन–** भारत र अमेरिकाले पारस्परिक प्रतिरक्षा सहयोगलाई अझ सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गर्दै त्यसलाई अझ सघन बनाउनुपर्नेमा जोड दिएका छन् । गत बुधबार वासिङ्टनमा दुवै देशका रक्षा सचिवबीच भएको बैठकमा प्रतिरक्षा एवं औद्योगिक सहयोगलाई अझ सघन बनाउने सहमति भएको हो ।

भारतका रक्षा सचिव गिरिधर अर्मानेे र उनका अमेरिकी समकक्षी कोलिन काहल नेतृत्वको द्विपक्षीय बैठकमा भारत-अम ेरिका रक्षा साझेदारीको प्रगति समीक्षाका साथै त्यसलाई अझ घनीभूत तुल्याउनेबारेमा छलफल भएको रक्षा मन्त्रालयले जनाएको छ । सचिवद्वयले भारत-अमेरिका रक्षा नीति समूहको १७औं बैठकको सहअध्यक्षता पनि गरेका थिए ।

रक्षा मन्त्रालयका अनुसार बैठकमा भारत-अमेरिका सैन्य सहायता, द्विपक्षीय प्रतिरक्षा सम्झौताको कार्यान्वयन, हिन्द महासागर क्षेत्रमा जारी सैन्य अभ्यास, साझेदारीका भावी परियोजनाका महत्वपूर्ण पक्षमा छलफल भएको थियो । प्रविधि साझेदारी, दीर्घकालीन अनुसन्धान र विकास, आपूर्ति शृंखला, सुरक्षा सुधारलगायत प्रतिरक्षा तथा औद्योगिक सहयोग अभिवृद्धिमा छलफल केन्द्रित थियो ।

प्रतिरक्षासँग सम्बन्धित भारतीय र अमेरिकी प्रतिष्ठानले मिलेर काम गर्न सक्ने सम्भावित क्षेत्र र परियोजनासहित भारतमा सहविकास एवं सहउत्पादनलाई प्रवर्द्धन गर्ने बारेमा पनि छलफल भएको रक्षा मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । निजी र सरकारी क्षेत्रबीचको साझेदारी र सहकार्यलाई प्रोत्साहन गर्दै नवप्रवर्तनका परियोजनामा मिलेर काम गर्न दुवै पक्षले सहमति जनाएका छन् ।

अमेरिकी र भारतीय रक्षा मन्त्रालयबीचको सरकारी संयन्त्र रक्षा नीति समूहले प्रतिरक्षा नीतिमा विशेष ध्यान दिँदै द्विपक्षीय रक्षा सहयोगसम्बन्धी सबै पक्षको व्यापक समीक्षा गर्दै आएको छ । समूहका सुझाव र मार्गदर्शनलाई दुवै पक्षले पालना गर्दै आएका छन् । *रासस⁄एएनआई*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HUA CHANG TIMBER PRODUCTS SDN BHD

पुर्व स्वीकृति मिति : २०८०/०२/०६ | LT. No. 286365 | चलानी नं. ६०२०१७१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL WORKER | 5 | 0 | 1500 | ४३,५९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ १४ गते (28th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

KHOJI RECRUITMENT SERVICES PVT. LTD.
Bijaybasti, Sanepa-2, Lalitpur, Contact: 01-5555792, 01-5555896
Email: khoji.nepal2022@gmail.com
Govt. License 902/067/68

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DIWAN AL-BEAT HOSPITALITY & CLEANING WLL

पुर्व स्वीकृति मिति : २०८०/०२/०६ | LT. No. 286333 | चलानी नं.६०२०१७१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL CLEAN WORKER | 0 | 2 | 1000 | ३६,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ १४ गते (28th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np
Licence No.: 811/065/066

## माइग्रेसन हरायो

मिति २०७९/१२/२५ गते देखि कीर्तिपुरदेखि रत्नपार्कसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको +२ को **माइग्रेसन सर्टिफिकेट** हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय तथा मेरो निम्न ठेगानामा बुझाइदिनु हुन अनुरोध गर्दछु ।

नाम : दिपक लामिछाने
सिम्बोल नं. : २३६००००
ठेगाना : मध्यबिन्दु न.पा.१५, नवलपुर
सम्पर्क नं. : ९८६०४३५५१०

## बिमालेख हरायो

मिति २०७९/११/०४ गते, कलंकीदेखि बालाजुसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम : अजय तामाङ
बिमालेख नं : २०५००००००३०८
Sanima Reliance Life Insurance Ltd
ठेगाना : चन्द्रपुर, रौतहट
सम्पर्क नं : ९८४५२९२२७१

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : EB PACKAGING SDN.BHD.

पूर्व स्वीकृति मिति २०८०/०२/०६ | LT. No. 286374 | चलानी नं.६०२०१७१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 75 | 0 | 1500 | ४३,५९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः लैनचौर बैङ्क्वेट, काठमाडौंमा मितिः २०८० जेष्ठ १४ गते (28th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कःनिःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

GREATER VISION OVERSEAS PVT. LTD.
Gaushala KTM, Nepal, Tel: 01 4575285, 01 4576016, Fax: +977-1-4469772
श्रम ईजाजत नं. २८२/०५८/०५९

## Fewa HR Solutions Pvt. Ltd.

श्रम इजाजत नं. १४८५/०७४/०७५
P.O. Box: 6313, KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनीः MUBARAK MOHAMMED BIN MUBARAK AL DOSSARY GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८०/०२/०५ | LT. No. 286311 | चलानी नं. ६०२०१७०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction workers | 2 | 0 | 1000 | ३५,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ १४ गते (28th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः १०,,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – १०९२०० | प्रति तोला – १०८७०० | प्रति तोला – १३७० |



**हिमालै हाँसेको...** अन्नपूर्ण पदमार्गमा यात्रारत विदेशी पदयात्री चामे गाउँपालिका–१ तिमाङबाट मनास्लु हिमालको दृश्य हेरी रमाउँदै ।

*तस्बिरः नवीन लामिछाने/रासस*

# नीति तथा कार्यक्रममा हाम्रो विषय समेटिएको छ : महासंघ

■ प्रभाव संवाददाता

**काठमाडौं–** निजी उद्योगी तथा व्यवसायीहरूको छाता सङ्गठन नेपाल उद्योग वाणिज्य महासङ्घले सरकारको नीति तथा कार्यक्रममा आफुले दिएको सुझाव सम्बोधन गरिएकामा प्रसन्नता व्यक्त गरेको छ ।

महासङ्घले अहिलेको आर्थिक अवस्था, अर्थतन्त्रको समग्र मागमा आएको ह्रास, तरलताको सङ्कुचन, उच्च ब्याजदर, मूल्य वृद्धि, न्यून पूँजीगत खर्च, घट्दो राजस्व परिचालन तथा बाह्य क्षेत्र सन्तुलनमा परेको चापलाई सम्बोधन गरिने विषय समावेश गरिएकामा प्रसन्नता व्यक्त गरेको हो ।

महासङ्घका नीति तथा कार्यक्रममा समावेश गरिएका विषयलाई बजेटले कुन दिशामा लिने हो र कसरी अनुसरण गर्ने वा समेट्ने हो त्यो हेर्नुपर्ने बताएको छ । महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले नीति तथा कार्यक्रममा समावेश गरिएका विषयमा बजेटमार्फत कसरी सम्बोधन हुन्छ त्यो हेर्न बाँकी रहेको बताए । उनले महासङ्घले दिएका विषय जस्तै निजी क्षेत्रलाई अर्थतन्त्रको मुख्य साझेदार मानेकामा खुसी व्यक्त गरे ।

सरकार र निजी क्षेत्रको बलियो साझेदारीमार्फत उत्पादन तथा उत्पादकत्व बढाउने विषयलाई नीति तथा कार्यक्रममा समावेश गरिएको छ । यस्तै विदेशी लगानीलाई प्राथमिकताका साथ परिचालन गरिने विषयलाई पनि महत्वका साथ समावेश गरिएको छ ।

राजस्व प्रशासनलाई थप सुदृढ र चुस्त बनाउने तथा कर प्रणालीमा पुनरावलोकन गर्ने, पूँजी बजारमा गैरआवासीय नेपालीका लगानी खुला गर्ने, विकास आयोजनाका लागि जग्गा प्राप्ति, वन क्षेत्रको उपयोग, वातवरणीय प्रभाव मूल्याङ्कन र खरिद प्रक्रियामा सरलीकरण गर्न कानुन ल्याउने जस्ता विषय नीति तथा कार्यक्रममा समेटिएका छन् ।

उद्योगलाई उपलब्ध गराइने जग्गाको हदबन्दी सीमा पुनरावलोकन, उद्योगलाई आवश्यक पहुँचमार्ग र प्रसारण लाइन लगानीकर्ता स्वयंले बनाएमा निश्चित रकम सोधभर्ना दिने उद्योगहरूमा निर्बाध विद्युत् आपूर्ति सुनिश्चित गर्ने जस्ता महत्वपूर्ण पक्षलाई नीति तथा कार्यक्रममा प्राथमिकताका साथ समावेश गरिएको छ । चुरे संरक्षण गर्दै वातवरणीय ह्रास नहुने गरी खनिज वस्तुको उत्पादन र निर्यातको सम्भावना खोजिने, संवत् २०८० को दशकलाई नेपाल भ्रमण दशकका रूपमा र सन् २०२५ लाई भ्रमण वर्षका रूपमा मनाउने तथा निजी क्षेत्रलाई विद्युत् व्यापारमा सहभागी गराउने विषयलाई समेटिएको छ ।




यस्तै आन्तरिक रोजगारी सिर्जना गर्न निजी क्षेत्रसँगको सहकार्यमा राष्ट्रिय सीप विकास तथा रोजगार कार्यक्रम सञ्चालन गर्ने जस्ता महासङ्घले राख्दै आएका विषयलाई राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबार सङ्घीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रममा समावेश गरिएको जनाइएको छ ।

## व्यावहारिक कार्यान्वयनमा चेम्बरको जोड

**काठमाडौं** – नेपाल चेम्बर अफ कमर्सले सरकारले प्रस्तुत गरेको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको व्यावहारिक कार्यान्वयनमा जोड दिएको छ । शनिबार एक विज्ञप्ति जारी गर्दै चेम्बरले मुलुकको आन्तरिक अर्थतन्त्र जोखिमको अवस्थामा रहेका बेला नीति कार्यक्रम परिणाममुखी हुने विश्वास लिएको छ ।

नीति तथा कार्यक्रममा समावेश गरिएका विषयलाई बजेटमार्फत सम्बोधन गर्न चेम्बरले सरकारको ध्यानाकर्षण गराएको छ । चेम्बरद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'हालको आर्थिक मन्दी र लगानीमा देखिएको संकुचनलाई नीति तथा कार्यक्रमले पर्याप्त मात्रामा समावेश गर्न सकेको छैन, आर्थिक स्थायित्व कायम गर्ने गरी आगामी बजेट आउन आवश्यक छ ।'

नीति तथा कार्यक्रमले आंशिकरूपमा भए पनि निजी क्षेत्रका माग भने सम्बोधन गरेको चेम्बरका अध्यक्ष राजेन्द्र मल्लले बताए । उनले भने, 'निजी क्षेत्रले उठाएका केही माग सम्बोधन भएका छन् । उत्पादनमुखी कार्यक्रम, औद्योगिक विकास र सार्वजनिक निजी साझेदारी अवधारणालाई प्रभावकारी बनाउने गरी नीति कार्यक्रम कार्यान्वयन गर्न आवश्यक छ ।'

नीति तथा कार्यक्रममा महत्वाकांक्षी योजना घोषणा हुने तर कार्यान्वयनको पाटो फितलो हुने समस्याप्रति पनि चेम्बरले सरकारको ध्यानाकर्षण गराएको छ । कमजोर धरातलमा आएको नीति तथा कार्यक्रम सकारात्मक भए पनि सीमित स्रोत र साधनका कारण कार्यान्वयनको पाटो जोखिम रहेको चेम्बरको ठहर छ । नीति तथा कार्यक्रम 'कनिका छरेजस्तो' बनाउने भन्दा आर्थिक विकासको जग बसाल्ने गरी आउनुपर्ने चेम्बरले जनाएको छ । सरकारद्वारा शुक्रबार प्रस्तुत गरिएको नीति तथा कार्यक्रमले सरकारी खर्चमा मितव्ययिता कायम गर्न खोज्नु सकारात्मक भएको चेम्बरको भनाइ छ ।

# अर्थतन्त्र सुधारका लागि फजुल खर्च कटौती गर्नुपर्छ : पौडेल

■ प्रभाव संवाददाता

**काठमाडौं–** पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेलले अर्थतन्त्र सुधारका लागि फजुल खर्च कटौती गर्नुपर्नेमा जोड दिएका छन् ।

बुटवलमा शनिबारदेखि सुरु भएको राष्ट्रिय पार्क सम्मेलनको उद्घाटन गर्दै पौडेलले यसका लागि सरकारले सबै दल र विज्ञसँग छलफल गरी फजुल खर्च कटौती गर्दै राजस्वले चालु खर्च धान्न सक्ने बजेट निर्माण गर्न सुझाव दिए । उनले कानुनको अभावमा सामुदायिक वनभित्र सञ्चालित पार्कले समस्या र द्वन्द्व झेल्नुपरेको बताए । सरकारले कानुन बनाएर वैज्ञानिक ढङ्गले दिगो व्यवस्थापनको बाटो खोल्नुपर्नेमा जोड दिए ।

पार्कहरूको विशिष्टीकरण र वर्गीकरण आवश्यक रहेको बताउँदै सरकारले कानुन निर्माणमा बेवास्ता गरे निजी क्षेत्रबाट गैरसरकारी विधेयक दर्ता गरेर पनि कानुन बनाउन सकिने उनको भनाइ छ ।

सम्मेलनमा लुम्बिनी प्रदेशका पूर्वमुख्यमन्त्री लीला गिरीले धेरैजसो पार्कहरू वन क्षेत्रभित्र सञ्चालनमा रहेकाले बेला-बेलामा वनसँग हुने विवाद र द्वन्द्व अन्त्यका लागि स्पष्ट कानुन बनाउन दबाब दिनुपर्ने बताए ।

कार्यक्रममा बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेल, बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डे, बुटवल उद्योग वाणिज्य सङ्घका अध्यक्ष उज्ज्वल कसजूलगायतले देसभरका पार्कहरूको सही ढङ्गले व्यवस्थापन गर्ने विषयमा सम्मेलन उपलब्धिमूलक हुने विश्वास व्यक्त गरे ।

सम्मेलनमा पार्क व्यवस्थापनमा नीतिगत समस्या र कानुनी जटिलताका विषयमा संविधानविद् काशीराज दाहाल र पत्रकार डिआर घिमिरेले छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गरेका छन् ।

सम्मेलनमा समुदायबाट सञ्चालित पार्कलाई लगाइएको मूल्यअभिवृद्धि कर, उपभोक्ता समितिबाट हुने निर्माणका सम्बन्धमा रहेका जटिलताका विषयमा पनि छलफल गरी आइतबार बुटवल घोषणपत्रसमेत जारी गर्ने सम्मेलनका सदस्यसचिव अनन्त सिलवालले जानकारी दिए ।

सम्मेलन बुटवलको मणिमुकुन्दसेन उद्यान र तिलोत्तमाको शङ्करनगर वन विहार तथा अनुसन्धान केन्द्र (वनवाटिका)को आयोजनामा सुरु भएको हो ।

## कर्पोरेट

### सन्राइज बैंकद्वारा घोडाघोडी बहुमुखी क्याम्पसमा फिल्टर हस्तान्तरण




**काठमाडौं (प्रस)–** सन्राइज बैंकले सुदूरपश्चिम प्रदेशको कैलाली जिल्लामा रहेको घोडाघोडी बहुमुखी क्याम्पसमा वाटर प्युरिफायर प्रदान गरेको छ । जेष्ठ ४ गते बिहिबार आयोजित एक कार्यक्रममा विद्यार्थीहरूलाई स्वच्छ पानी पिउन सहज होस भनेर एक थान वाटर प्युरिफायर बैंकका नायब महाप्रबन्धक रबिन कुमार नेपालले घोडाघोडी बहुमुखी क्याम्पसको अध्यक्ष विष्णु प्रसाद सापकोटा र क्याम्पस प्रमुख लक्ष्मी प्रसाद भट्टराईलाई हस्तान्तरण गरेका थिए ।

सुख्खड क्षेत्रमा शुद्ध पिउने पानीको अभाव रहेको र यस सामाजिक कार्यले त्यहाँका विद्यार्थीहरूलाई विद्यालयमा शुद्ध पिउने पानी पिउन र स्वस्थ रूपमा पठनपाठन गर्न मदत पुऱ्याउने क्याम्पसको अध्यक्ष विष्णु प्रसाद सापकोटाले बताए । बैंकले सामाजिक उत्तरदायित्व अन्तर्गत शिक्षा, स्वास्थ्य, वातावरण लगाएतका क्षेत्रमा सहयोग गर्दै आएको र आगामी दिनमा पनि सहयोग गर्दै जाने बताएको छ ।

यसै हप्ता सन्राइज बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सुदूरपश्चिमको धनगढी उप-नगरपालिका लागि डस्टबिन, हसनपुरको ऐश्वर्य विद्या निकेतन विद्यालयलाई प्रोजेक्टर, धनगढी त्रिनगर विद्यालयमा साइकल स्टायान्ड, चुरे गाउँपालिका र डडेलधुरामा प्रहरी बिट उद्घाटन गरेको थियो ।

### आइएमई पेको बिगमार्टसँग नयाँ अफर




**काठमाडौं (प्रस)–**आइएमई डिजिटल सोलुसन लिमिटेडको 'आइएमई पे'ले बिगमार्ट, चितवनसँग सम्झौता गरी एउटा अफर सार्वजनिक गरेको छ । 'ह्याप्पी शपिङ याट् बिगमार्ट' नामक उक्त अफरको पहिलो चरण अन्तर्गत ग्राहकवर्गलाई जेठ महिना भरी बिगमार्टमा कुनै पनि सामान खरिद गर्दा आइएमई पेको स्मार्ट क्युआर स्क्यान मार्फत भुक्तानी गर्दा १० प्रतिशत छुट प्राप्त हुनेछ । सो छुट अन्तर्गत ग्राहकवर्गले प्रत्येक कारोबारमा रु १०० सम्म छुट पाउन सक्ने छन् र सो छुट प्रत्येक ग्राहकले अफर अवधी भरी ५ पटकसम्म पाउने छन् । अफरको दोश्रो चरण असार १ देखी साउन ३२ सम्म रहने छ । सो अवधीमा आइएमई पेले चितवन बिगमार्टमा राखिने एक्टिभेसन बुथमा आइएमई पेको खाता सुचारु गर्नका साथै ग्राहक वर्गलाई विभिन्न किसिमका गेमहरू खेलाइने छ र आकर्षक उपहारहरू पनि प्रदान गरिने छ ।

# खाद्यान्न आयात प्रतिस्थापन गर्ने योजना छ : मन्त्री भुसाल

**काठमाडौं (प्रस)–** कृषि तथा पशुपक्षी विकासमन्त्री डा वेदुराम भुसालले कृषि र पशुपालनबाट मात्र देशको अर्थतन्त्रमा सुधार हुने बताएका छन् । मन्त्री भुसालले सरकारले प्रस्तुत गरेको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा पनि कृषिमा केही गर्न सकिन्छ भन्ने छनक देखिएको बताउँदै कृषि र पशुपालनको क्षेत्रको विकासले मात्रै अर्थतन्त्र बलियो हुने बताए ।



कृषि र पशुपालनमा उत्पादन वृद्धि भएमा आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन बढाउन सकिने उनको भनाइ छ । पहिले खाद्यान्न निर्यात गर्थ्यौं, अहिले खाद्यान्न आयात गर्छौं । त्यसलाई प्रतिस्थापन गर्ने हाम्रो पहिलो लक्ष्य हो । सबैभन्दा बढी उब्जाउ क्षेत्र तराई हो । तराईमा सिँचाइको व्यवस्थापन गरेर कृषिमा व्यावसायीकरण गरेर खाद्यान्न निर्यात गर्ने लक्ष्य सरकारको रहेको मन्त्री भुसालको भनाइ छ ।

भूमिकास्थान नगरपालिकामा आयोजित कृषिमन्त्री भुसालको सम्मान तथा अन्तरक्रियामा उनले नेपालमा १० लाख ३० हजार हेक्टर जमिन बाँझो रहेको र त्यस्तो जग्गामा सामूहिक खेती र सहकारी खेती गरेर उत्पादन वृद्धि गर्ने सरकारको योजना रहेको बताए ।

बाँझो जमिनमा एकल खेती होइन, सामूहिक तवरको खेती गरिनेछ । पहिलेजस्तो गोरुले जोतेर, कोदाली खनेर गरिने खेतीको लागत मूल्य बढ्ने भएकाले व्यावसायीककरण र यान्त्रिकीकरणबाट उत्पादन बढाउनु अहिलेको आवश्यता रहेको बताए ।

उनले धान, मकै, गहुँलगायतको मूल्य उत्पादन हुनुभन्दा पहिले नै तोकिने बताए । उनले यसभन्दा पहिला उत्पादन भएपछि धानको तथा उखुको मूल्य निर्धारण हुँदै आएकामा अब बाली लगाउनुभन्दा पहिले नै मूल्य निर्धारण हुने जानकारी दिए । भूमिकास्थान नगरपालिकाका प्रमुख झबिलाल थापाले नगरपालिकामा रहेको पाखोबारी तथा खेतका फाँटमा अन्नबाली, फलफूल, तरकारी र जडीबुटीको माध्यमबाट उत्पादन वृद्धि गर्ने खालका कार्यक्रम सञ्चालन गर्नुपर्ने बताए । कृषि र पशुपालनलाई पहिलो प्राथमिकता राखेर नगरले काम सञ्चालन गरेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायण पोखेलले बताए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ